जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि




बर्ष १३ • अंक ९९ • २०८२ माघ १६ गते शुक्रबार • 30 Jan. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

## 'जेन जेड' अर्थात् नयाँ पुस्ताको राजनीतिक चेतनालाई आंशिक रूपमा प्रतिबिम्बित

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, १५ माघ**

मधेस प्रदेशको राजनीतिक परिदृश्य यसपटक केही फरक देखिएको छ। प्रतिनिधि सभा निर्वाचनका लागि दर्ता भएका उम्मेदवारहरूको सूचीले पछिल्लो समय देशभर उठेको 'जेन जेड' अर्थात् नयाँ पुस्ताको राजनीतिक चेतनालाई आंशिक रूपमा प्रतिबिम्बित गरेको छ। विशेषगरी गत भदौमा भएको नवयुवाको आन्दोलनपछि राजनीतिमा उनीहरूको प्रत्यक्ष हस्तक्षेप बढेको छ । मधेस प्रदेशमा पनि त्यो अनुभूत भएको छ । जेन जेड अभियानकर्मीहरूका अनुसार यो प्रतिनिधित्व पूर्ण रूपमा सन्तोषजनक भने छैन ।

उनीहरू भन्छन्, "सूचीमा केही युवा नाम देखिनु सकारात्मक संकेत हो, तर अझै पनि पहुँच र प्रभाव भएकाहरू नै प्राथमिकतामा परेको अनुभूति हुन्छ ।" यसअघि केही नयाँ र पुराना राजनीतिक दलहरूले समानुपातिक तर्फ प्रस्तुत गरेका उम्मेदवारहरूको सूचीमा पनि जेनजी आन्दोलनको भावना समेटिएको देखिए पनि ती नामहरू अधिकांशतः राजनीतिक पहुँच भएकै व्यक्तिहरू थिए । प्रतिनिधिसभा निर्वाचनमा मधेस प्रदेशबाट ५८ जना जेन जेड पुस्ताका उम्मेदवार बनेका छन् । उम्मेदवारहरूमध्ये दुई जना महिला र ५६ जना पुरुष छन् । निर्वाचन आयोगका अनुसार ४१ जना स्वतन्त्र र १२ राजनीतिक दलबाट १७ जना जेनजी पुस्ताका उम्मेदवार बनेका हुन् । जेनजी पुस्ताका उम्मेदवारको संख्या कम




भए पनि स्थानीय राजनीतिक इतिहासका हिसाबले महत्त्वपूर्ण मानिन्छ। उज्यालो नेपाल पार्टी र जनमत पार्टीले तीनतीन जना जेनजी पुस्ताका युवालाई उम्मेदवार बनाएको छ भने श्रम संस्कृति पार्टीले दुई जनालाई खडा गरेको छ। नेकपा एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाली कम्युनिष्ट पार्टी (नेकपा), आम जनता पार्टी (एकल चुनाव चिह्न), जनअधिकार पार्टी, जनता लोकतान्त्रिक पार्टी नेपाल, नेपाल मजदुर किसान पार्टी, नेपालका लागि नेपाली पार्टीले एकएक जना जेनजी पुस्ताका युवालाई उम्मेदवार बनाएको छ। उज्यालो नेपाल पार्टीले सिरहा क्षेत्र नम्बर ३ बाट २६ वर्षीय श्रवण पासवान, महोत्तरी क्षेत्र नम्बर १ बाट २८ वर्षीय मनोजकुमार गुप्ता र रौतहट क्षेत्र नम्बर २ बाट २५ वर्षीय रामाकान्तप्रसाद पटेललाई उम्मेदवार बनाएको छ । जनमत पार्टीले महोत्तरी क्षेत्र नम्बर १ बाट २७ वर्षीय वीरेन्द्र महतो, रौतहट क्षेत्र नम्बर २ बाट २८ वर्षीय सोनु कुशवाहा र रौतहट क्षेत्र नम्बर ४ बाट २८ वर्षीय राम कल्याण राउतलाई उम्मेदवार बनाएको छ । श्रम संस्कृति पाटीले सिरहा निर्वाचन क्षेत्र नम्बर ४ बाट २६ वर्षीय पङ्कजकुमार ठाकुर र पर्सा क्षेत्र नम्बर १ बाट २८ वर्षीय वसिम शेषलाई उम्मेदवार बनाएको छ । नेकपा एमालेले पूर्वसांसद शिवपुजन यादवको छोरा २७ वर्षीय अमनिशकुमार यादवलाई सर्लाही क्षेत्र नम्बर ४ बाट उम्मेदवार बनाएको छ । यो क्षेत्रबाट नेपाली काँग्रेसका सभापति गगन थापा, राष्ट्रिय स्वतन्त्र पार्टीका नेता एवं पूर्व प्रतिनिधिसभा सदस्य अमरेश सिंहलगायतका उम्मेदवार छन् । राष्ट्रिय स्वतन्त्र पार्टीले अन्तरिम सरकारमा युवा तथा खेलकुद मन्त्री भइसकेका २८ वर्षीय बब्लु गुप्तालाई सिरहा निर्वाचन क्षेत्र नम्बर १ बाट उम्मेदवार बनाएको छ । नेकपाले बारा निर्वाचन क्षेत्र नम्बर ४ मा २७ वर्षीय अजय कुशवाहालाई खडा गरेको छ। राष्ट्रिय प्रजातन्त्र पार्टीले सप्तरी निर्वाचन क्षेत्र नम्बर २ मा २७ वर्षीय अजयकुमार दास, नेपाल मजदुर किसान पार्टीले सप्तरी २ बाटै निलम कुमारीयादवलाई प्रत्याशी बनाएको छ। समाजशास्त्री नीलबहादुर लुम्रेको अनुसार यी युवा उम्मेदवारको साझा विशेषता 'पुराना राजनीतिक दलकाशैलीप्रति असन्तुष्टि र नयाँ सोचसहितको हस्तक्षेप हो'। उनीहरू सुशासन, रोजगारी, शिक्षा, स्वास्थ्य र स्थानीय विकासलाई प्रमुख एजेन्डा बनाउँदै मतदातासामु पुग्नु, सामाजिक सञ्जाल, प्रत्यक्ष भेटघाट र सामुदायिक छलफलमार्फत मतदातासँग सम्पर्कमा रहनु परम्परागत राजनीतिभन्दा फरक अभ्यासमा लाग्नुलाई समाजशास्त्री लुम्रे नवीन मान्छन् ।

## रायको मनोनयन दर्ता पछि उनका चुनावी गतिविधि तीव्र

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १५ माघ**



नेपाली काङ्ग्रेसले महोत्तरी-४ का लागि उम्मेदवारको रूपमा महेन्द्र कुमार रायको मनोनयन दर्ता गरेपछि उनका चुनावी गतिविधि तीव्र बनेका छन्। मनोनयन दर्तापछि राय गाउँ-गाउँ पुगेर मतदाता र पार्टी कार्यकर्तासँग प्रत्यक्ष सम्पर्कमा सक्रिय रहेका छन् ।

लामो राजनीतिक अनुभव भएका राय दुई पटक सांसद र एक पटक राज्य मन्त्री रहिसकेका नेता हुन्। यसले उनलाई महोत्तरी जिल्लामा अनुभवी, परिपक्व र भरोसायोग्य नेताको रूपमा चिनाएको स्थानीय मतदाताले बताएका छन्। राज्य तथा संसद्को जिम्मेवारीमा रहँदा उनले देखाएको कार्यशैली र व्यवहारले उनको छवि सफा,सरल र भरोसायोग्य भएको स्थानीय मतदाताले उल्लेख गरेका छन् ।

स्थानीय विकास, सुशासन र जनताको दैनिक समस्यामा केन्द्रित रहेर अघिल्लो कार्यकालमा खेलेको भूमिकालाई मतदाताले सकारात्मक रूपमा स्मरण गरिरहेका छन्। रायले भने, "मेरो प्राथमिकता यस क्षेत्रका जनताको समस्या बुझ्ने र उनीहरूको जीवनस्तर सुधार्ने काममा केन्द्रित छ। आगामी योजना र विकासका गतिविधिमा सबैको सुझाव र सहयोग आवश्यक छ । हामीले सुशासन, पारदर्शिता र जनमुखी विकासलाई अघि बढाउनुपर्छ ।" उनको भनाइ अनुसार, आगामी निर्वाचनमा उनी स्थानीय आवश्यकताका आधारमा योजनाहरू अघि बढाउने योजना बनाएका छन् । "जनताको आवश्यकता र अपेक्षामा आधारित योजना बनाउने र कार्यान्वयन गर्ने मेरो प्राथमिकता हो। यस क्षेत्रको समग्र विकासका लागि म निरन्तर सक्रिय रहनेछु," रायले थपे ।

हाल राय गाउँ-गाउँ पुगेर मतदाता र पार्टी कार्यकर्तासँग प्रत्यक्ष संवादमा व्यस्त छन् । उनी कार्यकर्तासँग छलफल गर्दै आगामी कार्ययोजनाको खाका प्रस्तुत गरिरहेका छन् र मतदाताको गुनासो सुन्दै प्रत्यक्ष समाधानका उपायहरूबारे सुझाव लिइरहेका छन् । उनका अनुसार, "जनताको समस्या सुन्नु र समाधानका उपायमा जोड दिनु नै मेरो प्रमुख कार्यशैली हो। विकास र जनकल्याणका गतिविधिमा सबैको सहभागिता आवश्यक छ ।" महोत्तरी-४ मा चुनावी प्रतिस्पर्धा कडा बनेको छ । यस क्षेत्रमा विभिन्न राजनीतिक दलका उम्मेदवारहरू सक्रिय छन् ।




## मधेस प्रदेश कार्यसमितिको बैठकमा थापा सहभागिता जनाएर सम्बोधन गर्ने



**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १५ माघ**

नेपाली कांग्रेसका सभापति गगन थापाले शुक्रबार बस्ने पार्टी मधेस प्रदेश कार्यसमितिको बैठकमा सहभागिता जनाएर सम्बोधन गर्ने भएका छन् ।

जनकपुरधामस्थित पार्टीको प्रदेश कार्यालयमा आयोजना हुने बैठकमा फागुन ७ गते जनकपुरमा गर्ने मधेस सभाको तयारी, व्यवस्थापन तथा समन्वय सम्बन्धी विषयमा छलफल हुनेछ । मधेस प्रदेशभर पार्टीको प्रचार-प्रसारलाई प्रभावकारी र व्यवस्थित बनाउन सभापति थापाले निर्देशन मन्तव्य दिने तय भएको कांग्रेस मधेस प्रदेश प्रचार विभाग प्रमुख नितिशकुमार गुप्ताले जानकारी दिए । बैठकमा मधेस प्रदेश अन्तर्गतका ३२ वटै निर्वाचन क्षेत्रका प्रतिनिधि सभा सदस्य उम्मेदवारहरूलाई पनि बोलाइएको छ। कांग्रेस सभापति थापा फागुन २१ गते हुने निर्वाचनमा सर्लाही ४ बाट उम्मेदवार बनेका छन् । उनी आफ्नो निर्वाचन क्षेत्रमा प्रचार प्रसारका लागि सर्लाहीमा छन् । कांग्रेसले फागुन ७ गते जनकपुरमा सभा गरेर औपचारिक रूपमा प्रचार प्रसारको सुरुवात गर्ने बताएको छ । त्यसको तयारीका लागि बैठक राखिएको हो ।




## रणनीति हुन जरुरी

*अहिले राजनीतिमा प्रयोग भइरहेको लोकप्रियतावाद, युवा पुस्ता र बहुमतको नारा तीनवटै नौला अभ्यास होइन, पहिलो पटक मात्र भइरहेको छैन । एउटा पुस्ताले यसलाई पहिलो पटक देख्दै होला, अनुभव गर्दै होला तर यी परिघटना नेपालको राजनीतिमा अनेकौं पटक परीक्षण भएका र परिणाम नदिएका हिसाबमा दर्ज भएको देखिन्छ । यदि साँच्चै राजनीतिमा विश्वसनीय परिवर्तन गर्ने हो भने 'मेरिटोक्रेटिक मेघालन्च' ले मात्र त्यस्तो सार्थक परिणाम दिने देखिन्छ । हरेक दलहरूले कम्तीमा ५००० नयाँ, विश्वासिला, योग्य, इमान्दार, अनुभवी तथा काबिल मानिसको सूची तयार गर्नुपर्छ । राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री तथा मन्त्रीहरू लगायत ७ सय ५३ स्थानीय निकायमा १५ सय ६ जना प्रमुख/उपप्रमुख, ५ सय ५० प्रदेशसभा सदस्य, २ सय ७५ प्रतिनिधिसभा सदस्य, ५९ राष्ट्रियसभा सदस्य, विभिन्न निकायमा सरकारी नियुक्ति दिइने तीन हजार मानिसको सूची निर्वाचनभन्दा दुई वर्ष अगावै सार्वजनिक गरून् । उक्त हरेक पदमा प्रक्षेपितहरूले सबै सरोकारवालासँग छलफल गरी जिम्मेवारी पाएपछि गर्नुपर्ने कार्य योजना बनाउनुपर्ने देखिन्छ । सार्वजनिक सञ्चारका माध्यमबाट प्रसारण हुनुपर्छ । हरेक मन्त्रालयबाट गरिने कामका छुट्टाछुट्टै फेहिरस्त सार्वजनिक गर्नुपर्छ । लक्ष्य र रणनीति स्पष्ट हुनुपर्छ र के गर्ने मात्र हैन, कसरी गर्ने भन्ने रणनीति पनि हुनुपर्ने अहिलेको आवश्यकता रहेको देखिन्छ ।*

# सवैया साझेदारी वन उपभोक्ता समूहमा कानुको नेतृत्वमा नयाँ कार्यसमिति चयन

**जलेश्वरटुडे समाचारदाता**
**पर्सा, १५ माघ**



सवैया साझेदारी वन उपभोक्ता समूहमा लखन साह कानुको नेतृत्वमा नयाँ कार्यसमिति चयन भएको छ । सो साझेदारी वनले ३ वर्षपछि नयाँ कार्यसमिति पाएको हो । बिहीबार सम्पन्न साधारण सभाले उपाध्यक्षमा अस्लम आलम र ३२ वडाबाट वडास्तर प्रतिनिधिका रूपमा शेख नेसार अन्सारीलाई निर्विरोध चयन गरेको छ । नयाँ कार्यसमितिमा एक अध्यक्षसहित ७ जना खुला सदस्य, एक-एक जना आदिवासी जनजाति र दलित समुदायबाट सदस्य चयन हुने व्यवस्था छ । साथै ३ जना महिला सदस्य, वीरगञ्ज महानगरपालिका र पर्सागढी नगरपालिकाको कार्यपालिकाबाट १/१ जना सदस्य तथा डिभिजन वन अधिकृतले खटाएका एक जना सहायक वन अधिकृत गरी कुल १७ जनाको कार्यसमिति रहनेछ । अध्यक्ष लखन साह कानुले सबै कार्यसमिति सदस्य सर्वसम्मत रूपमा चयन भएको जानकारी दिँदै आइतबार सबैको नाम सार्वजनिक गरिने बताए । २०६२ सालमा स्थापना भएको सवैया साझेदारी वन उपभोक्ता समूह नेपालको पहिलो तथा सबैभन्दा पुरानो साझेदारी वन समूह हो । २०७९ भदौ १६ गतेदेखि नयाँ कार्यसमिति गठनका लागि प्रक्रिया सुरु भए पनि प्रतिनिधि छनोट सम्बन्धी विवाद अदालतसम्म पुगेपछि साधारण सभा गर्न ३ वर्ष ५ महिना कुर्नुपरेको हो ।

## हत्यामा संलग्न थप एकजना पक्राउ



**जलेश्वरटुडे समाचारदाता**
**बारा, १५ माघ**

बाराको परवानीपुरमा आमा-छोराको हत्यामा संलग्न रहेको आरोपमा प्रहरीले थप एक जनालाई पक्राउ गरेको छ । बुधबार बिहान २ बजेअघि परवानीपुर-१ रहरियाडीमा ५२ वर्षीया सुमित्रा देवी र उनका छोरा ३२ वर्षीया रामेश्वर मण्डलको हत्या भएको घटनामा धर्मेन्द्र महतो नाम गरेका एक पुरूषलाई पक्राउ गरिएको बाराका प्रहरी प्रमुख एसपी नरेन्द्र कुँवरले जानकारी दिए ।

घटनामा उनको संलग्नता भेटिएकाले पक्राउ गरिएको एसपी कुँवरले बताए। घटनामा उनको संलग्नताबारे अनुसन्धान थालिएको छ। यसअघि प्रहरीले सुमित्राको बुहारी एवम् रामेश्वरकी श्रीमती २८ वर्षीया मनिता देवीलाई पक्राउ गरेको थियो। गएराति एक व्यक्ति घरभित्र छिरेर अन्धाधुन्ध धारिलो हतियार प्रहार गरेका थिए। घटना हुँदा सुमित्राको घरमा ८ जना सदस्य थिए। सुमित्रासँगै उनका श्रीमान जगरूक मण्डल, छोरी किरणदेवी, बुहारी मनितादेवी र उनका दुई छोरा, छोरी रिनाकुमारी र नाति गरी ८ जना थिए।

जगरूक,मनितादेवी र किरणदेवी घाइते भएका छन् । त्यसमा पनि जगरूक गम्भीर रहेको प्रहरीले जनाएको छ । उनीहरूको परवानीपुरकै एलएस न्युरो अस्पतालमा उपचार भइरहेको छ ।




अनुरोधकर्ता
महोत्तरी गाउँपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

### तपाईको टुडे

मेषः पढाईमा ध्यान दिनुपर्ने
वृषः विचार गरेर बोल्नुहोला
मिथूनः लामो यात्राको योग छ
कर्कटः मनमा पछुतो आउने
सिंहः आम्दानी हुने
कन्याः अनावश्यक चिन्ता
तुलाः खानपानमा समस्या आउने
वृश्चिकः मित्रतामा फाटो आउने
धनुः अनावश्यक खर्चको संभावना
मकरः पिछडेको साथी मिल्ने
कूम्भः अशुभ समाचार प्राप्त हुने
मीनः शुभ कार्यको शुरुवात

### मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

### आवश्यक टेलिफोन नम्बरहरु

#### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

#### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

### जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

### जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# हसिनाले दिइन् यस्तो चेतावनी

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १५ माघ**



बङ्गलादेशकी बहिष्कृत पूर्वप्रधानमन्त्री शेख हसिनाले भारतमा रहेको आफ्नो निर्वासनबाट देशमा हुन लागेको आम निर्वाचनको कडा आलोचना गरेकी छन्। आफ्नो दल अवामी लिगलाई चुनावमा प्रतिबन्ध लगाएपछि आगामी निर्वाचन समावेशी, स्वतन्त्र र निष्पक्ष हुन नसक्ने उनको दावी छ।

सन् २०२४ को विद्यार्थी आन्दोलन दमन गरेको आरोपमा अनुपस्थितिमै मृत्युदण्डको सजाय सुनाइएकी हसिनाले एसोसिएटेड प्रेसलाई इमेल पठाउँदै चेतावनी दिएकी छन्। उनले समावेशी चुनाव नहुँदा बङ्गलादेश लामो समयसम्म राजनीतिक अस्थिरतामा फस्ने उल्लेख गरेकी छन्। नोबेल विजेता मुहम्मद युनुसको नेतृत्वमा रहेको अन्तरिम सरकारले जानाजानी अवामी लिगलाई बाहिर राखेर लाखौं समर्थकलाई मताधिकारबाट वञ्चित गरेको उनको आरोप छ। हसिनाले ठूलो जनसमूहलाई राजनीतिक प्रक्रियाबाट हटाउँदा असन्तुष्टि गहिरिने र भविष्यमा थप अस्थिरता निम्तने बताइन्।

उनले बहिष्करणबाट बनेको सरकारले विभाजित राष्ट्रलाई एकताबद्ध गर्न नसक्ने स्पष्ट पारेकी छन्। फेब्रुअरी १२ मा हुने यस निर्वाचनमा करिब १२ करोड ७० लाख मतदाता सहभागी हुँदैछन्। अगस्ट ५, २०२४ मा हिंसात्मक विद्रोहपछि हसिना सत्ताबाट हटेपछिको यो पहिलो निर्वाचन हो। अन्तरिम प्रशासनले निर्वाचनको निगरानी गरिरहेको छ भने मतदाताले संवैधानिक सुधार सम्बन्धी जनमतसङ्ग्रहमा पनि मत दिनेछन्। मुहम्मद युनुसले स्वतन्त्र र निष्पक्ष चुनावको प्रतिबद्धता जनाए पनि अवामी लिगमाथिको प्रतिबन्धले निर्वाचनको समावेशीतामा प्रश्न उठेको छ।

# 'कान्तारा' को नक्कल महँगो साबित, रणवीर सिंहविरुद्ध एफआईआर

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १५ माघ**



बलिउड अभिनेता रणवीर सिंहविरुद्ध हिन्दु धार्मिक भावना र कर्नाटकको पवित्र 'चावुन्डी दैव' परम्पराको अपमान गरेको आरोपमा बेंगलुरुको हाई ग्राउन्ड्स पुलिस स्टेसनमा एफआईआर दर्ता भएको छ।

सन् २०२५ नोभेम्बर २८ मा गोवामा आयोजित अन्तर्राष्ट्रिय फिल्म फेस्टिभलको एक कार्यक्रममा अभिनेता सिंहले दिएको अभिव्यक्ति र उनको अभिनयलाई लिएर अधिवक्ता प्रशान्त मेथलले यो उजुरी दर्ता गराएका हुन्। उजुरीमा रणवीरले मञ्चमा पन्जुरली र गुलिगा दैवसँग सम्बन्धित पवित्र भावभङ्गीको भद्दा र अपमानजनक तरिकाले नक्कल गरेको उल्लेख छ। साथै, उनले तटीय कर्नाटकमा शक्तिको प्रतीकका रूपमा पूजिने 'चावुन्डी दैव' लाई 'महिला भूत' भनेर सम्बोधन गरेकोमा कडा आपत्ति जनाइएको छ। दैवलाई भूत भन्नु धार्मिक आस्थामाथिको प्रहार भएको उजुरीकर्ताको तर्क छ। यो मामला अहिले अदालतमा पुगिसकेको छ र अप्रिल ८ का लागि सुनुवाइको मिति तय गरिएको छ। घटनाको मुख्य जड फिल्म कान्तारासँग जोडिएको छ। फिल्म फेस्टिभलमा रणवीरले कान्ताराका निर्देशक तथा अभिनेता ऋषभ शेट्टीको उपस्थितिमा उक्त फिल्मको क्लाइमेक्स सिनको नक्कल गरेका थिए।

# फागुन २१ को निर्वाचनलाई 'जनगणना'का रुपमा लिएका छौं : यौनिक अल्पसङ्ख्यक

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १५ माघ**



लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायले फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनलाई जनगणनाका रूपमा लिएको बताएका छन्। उनीहरूले यस निर्वाचनलाई आफ्नो वास्तविक सङ्ख्यात्मक उपस्थिति देखाउने अवसरका रूपमा लिएका छन्। लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायका अभियन्ता तथा संविधानसभा सदस्य सुनीलबाबु पन्तले शक्ति देखाउने बेला आएको बताए।

२०६४ सालको ऐतिहासिक संविधानसभामा निर्वाचित भएर संसद् पुगेका पन्तपछि दोस्रो पटक संसदमा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक प्रतिनिधि पुर्‍याउने अभियानमा उनी स्वयं अग्रसर देखिएका छन्। तेस्रोलिंगी अधिकारकर्मी नुमा लिम्बु (चञ्चला) नेतृत्वको समावेशी समाजवादी पार्टीको यो चुनावी अभियानमा पन्तको प्रत्यक्ष साथ, नैतिक समर्थन र सक्रिय सहयोग रहेको उनले स्पष्ट पारे। पन्तले आग्रह र पूर्वाग्रह सबै एक ठाउँमा राखेर समावेशी समाजवादी पार्टीलाई गोप्य मतदान गर्न अपिल गरे।

# यी हुन् टी-२० विश्वकप खेल्ने नेपालका १५ खेलाडी

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १५ माघ**




नेपाली क्रिकेट टोलीले तेस्रोपटक आईसीसी टी-२० विश्वकप खेल्दै छ। आगामी फेब्रुअरी-मार्चमा भारत र श्रीलंकामा हुने विश्वकपका लागि नेपालको १५ सदस्यीय टोली घोषणा पनि भइसकेको छ।

युवा तथा अनुभवी खेलाडीको समिश्रण रहेको नेपाली टोलीमा सन् २०१४ मा पहिलोपटक विश्वकप खेलेको टोलीबाट सोमपाल कामी मात्र छन्। बाँकी खेलाडीहरू कोही पहिलोपटक अनि कोही दोस्रोपटक विश्वकप खेल्दै छन्। कप्तान रोहित पौडेलसहित ९ खेलाडीहरू दोस्रोपटक विश्वकप खेल्दै छन्। रोहितसहित उपकप्तान दीपेन्द्रसिंह ऐरी, करण केसी, सन्दीप लामिछाने, ललित राजवंशी, कुशल भुर्तेल, आसिफ शेख, सन्दीप जोरा र गुल्शन झाले सन् २०२४ को विश्वकपमा खेलेका थिए।

यस्तै पाँच खेलाडीले भने पहिलोपटक विश्वकप खेल्ने मौका पाएका छन्। राष्ट्रिय टिममै पहिलोपटक परेका शेर मल्लसहित बसिर अहमद, लोकेश बम, आरिफ शेख र नन्दन यादव पहिलोपटक विश्वकप सहभागिता हुनेछ। नेपालले विश्वकपमा समूह चरणका सबै खेलहरू मुम्बईस्थित वाङ्खेडे स्टेडियममा खेल्नेछ। नेपाल इंग्ल्यान्ड, इटली, वेस्ट इन्डिज र स्कटल्यान्डसँग खेल्नेछ।






# घोषणापत्रमा सुशासनलाई प्राथमिकता

-सुशासन प्रवर्द्धन गर्न सके अन्य विषय यसका सहउत्पादनका रुपमा आफैं पूरा हुन थाल्नेछन् । त्यसैले घोषणापत्रको सारवान एजेन्डा नै ‘सुशासन’ हुनुपर्छ। दलहरुले कम वाचा गरुन् र त्यो पूरा गरुन्। लम्बाचौडा र बौद्धिकता छाँट्ने दस्तावेज हामीलाई चाहिएको छैन ।

आगामी निर्वाचनका लागि दलहरूले सुशासनलाई प्राथमिकता दिने घोषणापत्र ल्याउने तयारी गरेका छन्, तर जनताले अब नारामा सीमित सुशासन होइन, कार्यान्वयन गर्न सकिने व्यावहारिक खाका मागिरहेका छन् । नेपालमा सुशासनको अवस्था विभिन्न अन्तर्राष्ट्रिय सूचकांकमा कमजोर देखिएको छ, जसले भ्रष्टाचार, पारदर्शिता र सेवा प्रवाहमा गम्भीर चुनौती देखाउँछ । घोषणापत्रमा सुशासन प्रवर्द्धनका लागि कानुनी सुधार, संस्थागत स्वायत्तता, डिजिटल सेवा, नागरिक सहभागिता र पारदर्शिता जस्ता विषयमा स्पष्ट र विश्वसनीय प्रतिबद्धता आवश्यक छ । (२१ फागुनको निर्वाचनका लागि उम्मेदवारहरू आफ्नो घोषणापत्र लिएर जनतासमक्ष पुगिरहेका छन् । उनीहरू आफ्नो एजेन्डा सुनाइरहेका छन् । यतिबेला कान्तिपुरले भने जनताको एजेन्डा दल र उम्मेदवारलाई सुनाउनका लागि विशेष शृंखला ‘कान्तिपुर विमर्श: नागरिक घोषणापत्र’ सुरु गर्दैछ । तपाईंहरूले पनि खास क्षेत्रमा केन्द्रित रहेर यस शृंखलाका लागि घोषणापत्र लेख्न सक्नुहुनेछ । तथ्य, तथ्यांक र तर्कयुक्त घोषणापत्रलाई हामी स्थान दिनेछौं ।) नेपाल आमनिर्वाचनको संघारमा छ । लोकतन्त्रको प्राणवायु नै निर्वाचन हो, जसले आफ्ना प्रतिनिधिको उत्तरदायित्वको अन्तिम परीक्षण गरी जनादेशको नवीकरण गरिदिन्छ वा फिर्ता बोलाएर सजाय दिन्छ । त्यसैले ‘बुलेट’ भन्दा शक्तिशाली ‘ब्यालेट’ लाई मानिन्छ । आफूले दिएको ‘म्यान्डेट’ को गलत फाइदा उठाउनेहरूलाई सचेत गराउने, अस्वीकार गर्ने र सार्वजनिक निकायबाट हटाउने अन्तिम अस्त्र हो– निर्वाचन । अब्राहम लिंकनले भनेका थिए, ‘हामी बाँचेको सरकारको संरचनामा जनताले बुद्धिमानीपूर्वक आफ्ना प्रतिनिधिलाई उपद्रव गर्न कम शक्ति दिएका छन् र उत्तिकै बुद्धिमानीपूर्वक छोटो अन्तरालमै त्यो कम शक्ति पनि फिर्ता लिने प्रबन्ध गरेका छन् ।’

उनले भनेजस्तै शक्ति वा अधिकारको प्रत्यायोजन फिर्ता लिने अवसर पनि हो यो । तर, निर्वाचन निष्पक्ष र अर्थपूर्ण पनि हुनुपर्छ । समाजशास्त्री केनेथ एरोको ‘इम्पसिबिलिटी थ्योरम’ मा भनेजस्तो हरेक निर्वाचनले गलत प्रतिनिधि छान्छ भन्ने भाष्य तोडिनुपर्छ । जनता सर्वशक्तिमान हुन् भन्ने सिद्ध गर्न सकियो भने वास्तविक लोकतन्त्र चरितार्थ हुन्छ । यो निर्वाचन पहिलेको जस्तो सहज छैन । युवा जेन-जीहरूको ठूलो बलिदानी र आन्दोलनले ल्याइदिएको अवसर हो । यो फ्रेन्च क्रान्तिपछिको यस्तो आन्दोलन थियो, जसको आँधीबेहरीले झन्डै



दुई तिहाइको भनिएको सरकारले समेत घुँडा टेक्नुपरेको थियो । फ्रेन्च क्रान्तिताका जनरल एसेम्ब्लीले चौबीस घण्टामा यति ठूलो परिवर्तन ल्यायो कि त्यहाँको सामन्ती प्रथा अन्त्य भयो ।

नेपालको ‘जेन-जी आन्दोलन’ ले २७ घण्टामा सबै स्थापित संयन्त्रहरू तहसनहस पारिदियो । दोस्रो दिनको घुसपैठियाहरूको आतंक बिर्सिने हो भने यो आन्दोलन युगान्तकारी थियो । यस सन्दर्भमा संयुक्त राज्य अमेरिकाका संविधान मस्यौदाकार ठोमस जेफर्सनले भनेका थिए, ‘लगभग प्रत्येक पुस्तामा एउटा क्रान्ति देखापर्नु राम्रै कुरा हुनेछ ।’ नेपालमा उनको भनाइ सार्थक लाग्छ– सात साल, सत्र साल, छयालीस साल, त्रिसट्ठी साल र बयासी सालमा फरक-फरक पुस्ताले क्रान्ति वा आन्दोलन गरेको देखिन्छ । युवाहरूको यसअघिको आन्दोलन लोकतन्त्रका लागि थियो भने पछिल्लो आन्दोलन सुशासनका लागि । एकातिर भ्रष्टाचार र बेथितिबाट आक्रान्त युवाहरू सामाजिक सञ्जाल बन्द गरेपछि सडकमा उत्रिएका थिए । अहिलेका प्रविधि-पुस्ता नवीन प्रविधि विरोधी (लुडाइट्स) को विचारसँग आन्दोलित हुनु स्वाभाविकै थियो । अहिले सबै दलहरू ‘जेन-जी आन्दोलन’ का मागहरू सम्बोधन गरेर निर्वाचनमा जाने भन्दै छन् ।

जेन-जीहरूको मुख्य माग नै सुशासन भएकाले ‘सुशासन’ को मुद्दा नै यस निर्वाचनको मुख्य बहसको विषय हुन्छ । राजनीतिक दलहरू अहिले आफ्ना घोषणापत्र तयार गर्ने क्रममा छन् । सबै दलले सुशासनलाई दोहोरी गीतमा भाका मिलाउने लोली जस्तै दोहोऱ्याउनेछन् । तर, चनाखो के कुरामा हुनु आवश्यक छ भने ‘सुशासन’ जनता झुक्याउने नारामा सीमित हुनु हुँदैन । न त यो सपनामा गरिने व्यापारको सौदाबाजी जस्तो हुन सक्छ । अहिलेको मुख्य चासो रहेको सुशासनबारे साँच्चै भरोसा गर्न सकिने कार्यान्वयन खाकासहित आउनुपर्छ । नत्र यसअघि पनि दलहरूले जनता झुक्याउने सुशासनका मीठा सपना बाँडेकै हुन् । अहिलेको मुख्य मुद्दा नै यही भएकाले निकै सचेत भएर यसका खाकाहरू प्रस्तुत गरे मात्रै जनताले पत्याउनेछन् ।

**साभार : कान्तिपुर ।**

## चिसोबाट बच्न अपनाउनुपर्ने सावधानीहरु

चिसोको कारणले रुघाखोकी, कडा फलु, हिउँले खाने, साना बालबालिकाहरुमा, कोल्ड झाडापखाला, निमोनिया र बयस्क व्यक्तीहरुमा दम जस्ता समस्या, हृदयघात तथा मुटुको समस्या बढ्ने, कार्बन मोनोक्साईडको मात्रा शरिरमा बढ्ने जोर्नीको दुखाई, दिर्घ रोगीहरुमा स्वास्थ्य समस्या देखा पर्ने जस्ता रोगहरु हुन सक्छ ।

- ✓ पानि उमालेर पिउने, जार र प्याकिङ्ग पानी समेत उमालेर पिउने ।
- ✓ शरिरलाई न्यानो बनाएर राख्नका लागी तातो झोलिलो खानाहरु आवश्यक मात्रामा सेवन गर्नुपर्दछ,
- ✓ बाहिर निस्कदा मास्क लगाएर हिडने ।
- ✓ तातो बाक्लो कपडाहरु लगाएर हिडनु पर्दछ ।
- ✓ चिसोमा बाहिर हिडदा बाक्लो कपडा लगाउनु पर्दछ ।
- ✓ तातो दुध तथा दुधजन्य पदार्थ, तातो पानि, चिया, दाल, तरकारी प्रशस्त मात्रामा पिउनुपर्दछ ।
- ✓ सबारी साधन चलाउँदा हावा नछिर्ने बाक्लो स्विटर बा ज्याकेट लगाउनु पर्दछ
- ✓ जाडो लागेको बेला घाममा बस्ने तोरी, जैतुन, तिलको तेलले शरिर मालिस गर्न सकिन्छ
- ✓ तातो पानीमा कागती, अदुवा र मह मिसाएर खान सकिन्छ ।
- ✓ विशेष गरि बिहानको समयमा जाडो हुने भएकोले सो समयमा बाहिर ननिस्कने गर्दा चिसो बाट बच्न सकिन्छ ।
- ✓ बालबालिका तथा बृद्धहरुलाई जाडोको कारण छिटो असर देखा पर्ने हुनाले बिरामी भएमा तत्काले औषधी नियमित खाने, जाडोबाट बच्न बाक्लो कपडाहरु लगाउने, तातो झोल चिजहरु प्रशस्त खुवाउने, जाडो हुने समयमा घरबाट बाहिन ननिस्कने ।
- ✓ आगो तथा हिटरहरु सावधानी पुर्वक ताप्ने, बस्ने कोठा वा घर तातो बनाउने ।

अनुरोधकर्ता
कमला नगरपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश




“पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।“



सम्पर्क –: दिलीप कुमार साह :–
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला




अनुरोधकर्ता
सम्सी गाउंपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday